# सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार न्युनीकरणसम्बन्धी

## पाँच बर्षे रणनीतिक कार्ययोजना

## (आर्थिक वर्ष २०८१/८२ देखि २०८५/८६ सम्म)

लुम्बिनी प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

# लुम्बिनी प्रदेश सरकार

## राप्ती उपत्यका (देउखुरी) नेपाल

## मुख्यमन्त्री



### मन्तब्य

सङ्घीय शासन व्यवस्थाको माध्यमबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने संवैधानिक दायित्व निर्वाह गर्न वर्तमान सरकारले शासकीय व्यवस्थामा सुधार एवं सुशासन प्रवर्द् धनलाई उच्च प्राथमिकतामा राखेर कार्यसम्पादन गर्दै आइरहेको छ। सार्वजनिक प्रशासनको सुदृढीकरण गर्दै जनतामा सुशासनको प्रत्याभूति गर्न सरकार सदैव क्रियाशील र कटिबद्ध रहेको छ। प्रदेशको समग्र विकास, सामाजिक रूपान्तरण, समृद्धि र सुशासन हासिल गर्ने हाम्रो सोंचलाई पूरा गर्न विभिन्न अवयवहरूमा गहिरो रुपमा जरा गाडेर बसेको भ्रष्टाचारको समूल अन्त्य हुनुपर्छ भन्ने आशयका साथ भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अङ्गीकार गर्दै रणनीतिक कार्ययोजना तर्जुमा र कार्यान्वयन गर्न लागिएको हो।

संवत् २०८१ श्रावण ९ गते गठन भएको मेरो नेतृत्वको वर्तमान सरकारले सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार न्यूनीकरण सम्बन्धी ५ बर्षे रणनीतिक कार्ययोजना तर्जुमा गरी सोको प्रभावकारी कार्यान्वयनबाट सुशासनयुक्त र भ्रष्टाचारमुक्त लुम्बिनी प्रदेश निर्माण गर्ने सङ्कल्प गरेको थियो। यसै सङ्कल्पलाई पूरा गर्न प्रदेशको समग्र शासकीय गतिविधिमा सुधार, अनियमितता नियन्त्रण, विधि एवं पद्धति निर्माण, निर्णय निर्माण, निर्देशन प्रवाहका साथै कामकारवाहीलाई सुशासन अभिवृद्धि गर्ने दिशामा योजनाबद्ध रुपले कार्यान्वयन गर्दै लगिएको छ। सुशासन प्रवर्द्धन सम्बन्धी दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति, क्रियाकलाप र कार्यान्वयन संयन्त्र सहितको रणनैतिक कार्ययोजना तर्जुमा र सोको प्रभावकारी कार्यान्वयनबाट नैं बहुआयामिक एवं बहुस्वरुपमा विद्यमान भ्रष्टाचारको पूर्ण रुपमा अन्त्य गरी सुशासनयुक्त प्रदेश निर्माण गर्न सकिन्छ भन्ने अभिप्रायका साथ तर्जुमा गरिएको प्रस्तुत कार्ययोजना सार्वजनिक गर्न पाउँदा मैले अत्यन्तै खुसी महसुस गरेको छु। प्रस्तुत कार्ययोजनाको मस्यौदा उपर रचनात्मक सुझाव प्रदान गर्नुहुने सम्बन्धित सरोकारवाला सबैप्रति विशेष आभार प्रकट गर्दछु।

प्रदेश सरकारले लिएको "समृद्ध लुम्बिनीः आत्मनिर्भर प्रदेश"को दीर्घकालीन सोंच र सुशासनयुक्त तथा भ्रष्टाचारमुक्त प्रदेश निर्माणको सङ्कल्पलाई पूरा गर्न प्रस्तुत कार्ययोजनाको प्रभावकारी कार्यान्वयनमा प्रदेश सरकारका सबै निकायहरू, तहगत सरकार, राजनीतिक दल, निजी क्षेत्र, नागरिक समाज,संघसंस्था, आमसञ्चार माध्यम, सर्वसाधारण जनता सबैको रचनात्मक सहयोग, सकारात्मक भूमिका, साझा सङ्कल्प र प्रभावकारी सहकार्य हुनेमा विश्वस्त छु। कार्ययोजना मस्यौदा तर्जुमामा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु।

धन्यवाद।

मितिः २०८१ कार्तिक ११, आइतबार

माननीय चेतनारायण आचार्य
मुख्यमन्त्री
लुम्बिनी प्रदेश सरकार

लुम्बिनी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राप्ती उपत्यका (देउखुरी) नेपाल



## मन्तब्य

लुम्बिनी प्रदेश सरकारको सुशासनको लक्ष्य प्राप्त गर्न, पारदर्शिता एवं जवाफदेहिताको कार्यसंस्कृति विकास गर्न, भ्रष्टाचार न्यूनीकरण एवं नियन्त्रण गर्दै, सेवा प्रवाहलाई प्रभावकारी बनाउन प्रदेश सरकार मातहतका सबै कार्यालय/निकायहरूको कार्यदक्षता अभिवृद्धि गर्ने अभिप्रायका साथ सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार न्यूनीकरणसम्बन्धी पाँच वर्षे रणनीतिक कार्ययोजना, २०८१ लाई कार्यान्वयनमा ल्याउने निर्णय प्रदेश सरकारले गरेको छ। लुम्बिनी प्रदेशभित्रका १२ जिल्ला, १०९ स्थानीय तहहरू, २०० भन्दा बढी अख्तियार प्राप्त खर्च इकाइ कार्यालयहरूबाट सम्पादन हुने कार्यहरू, विकास निर्माण र सेवा प्रवाहका सवालमा सुधारका क्षेत्रहरू पहिचान एवं तदनुरुपको रणनीतिगत ढाँचा तयार गरी कार्यान्वयनमा ल्याउने उद्देश्य यस कार्ययोजनाको रहेको छ। लुम्बिनी प्रदेशको समग्र शासकीय अभ्यास एवं प्रबन्धहरूमा यस कार्ययोजनामा समाविष्ट क्रियाकलापहरूलाई क्रमशः आन्तरिकीकरण गर्दै यसको मूल लक्ष्य प्राप्तिका लागि सम्पूर्ण जिम्मेवार निकायहरूको कार्यान्वयनमा प्रतिबद्धता र निरन्तरताको अपेक्षा प्रदेश सरकारले राखेको छ। सरकार, निजी क्षेत्र, नागरिक समाज, सञ्चार क्षेत्र समेतको साझा सहकार्यबाट मात्रै यसका बृहत्तर लक्ष्य प्राप्ति हुन सक्नेमा द्विविधा रहेको छैन। सुशासनको बृहत्तर राष्ट्रिय लक्ष्य, भ्रष्टाचार नियन्त्रणका लागि नेपालले गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू, राष्ट्रिय अनुकूलनका लागि बनेका कानुनहरू समेतबाट निर्देशित हुँदै नेपालको संविधानको प्रस्तावनामै रहेको सुशासनको मूल मर्म, राज्यका नीति, निर्देशक सिद्धान्त, राज्यको दायित्व समेतका हाम्रा विहङ्गम व्यवस्थाहरूको अनुपालनका लागि सङ्घीय सरकारको प्रतिबद्धता र दायित्वलाई परिपूरण एवं टेवा पुग्ने गरी प्रादेशिक रणनीति तयार गरिएको छ। यसको सफल कार्यान्वयन गर्दै हामी लुम्बिनी प्रदेशमा सुशासनको लागि प्रतिबद्ध हुँदै भ्रष्टाचार नियन्त्रणको चुनौतीपूर्ण लक्ष्य प्राप्ति गर्न सफल हुनेछौं भन्ने अपेक्षा राखेको छु। अन्तमा यस रणनीतिक कार्ययोजनाको कार्यान्वयनका लागि हाम्रो उच्च तहको प्रतिबद्धता व्यक्त गर्दै कार्ययोजनामा व्यवस्था गरिए बमोजिमका निर्देशक तह, कार्यान्वयन तह एवं अनुगमन तहका संयन्त्रहरू परिचालन गर्दै यसका समग्र लक्ष्यमा केन्द्रित हुन सम्बद्ध सबैलाई अनुरोध गर्दछु।

माहादेव पन्थ<br>
(प्रमुख सचिव)<br>
लुम्बिनी प्रदेश सरकार

# विषयसूची


| क्र.स. | विषयवस्तु | पृष्ठ संख्या |
|---|---|---|
| | परिच्छेद-१ | १-७ |
| १ | पृष्ठभूमि | १ |
| २ | विद्यमान अवस्था | २ |
| ३ | सुशासन प्रवर्द्धन र भ्रष्टाचार न्यूनीकरणका लागि भएका प्रयासहरू | ३ |
| ४ | भ्रष्टाचारका सम्भाव्य जोखिम क्षेत्र | ५ |
| ५ | रणनीतिक कार्ययोजनाको आवश्यकता | ६ |
| ६ | रणनीतिक कार्ययोजनाका क्षेत्रहरू | ६ |
| ७ | दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य र रणनीति | ७ |
| | परिच्छेद-२ | ८-३७ |
| ८ | कार्ययोजना | ८ |
| ९ | जोखिम पक्षको विश्लेषण | ३७ |
| | परिच्छेद-३ | ३८-४० |
| १० | कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन | ३८ |
| ११ | निष्कर्ष | ४० |

# परिच्छेद-१

## १.पृष्ठभूमि

सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान एवं सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्नु राज्यको नीति रहेको छ। नेपालको संविधानको प्रस्तावनामा उल्लिखित सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षालाई पूरा गर्न भनी गरिएको व्यवस्था राज्यको नीति, निर्देशक सिद्धान्तहरू, राज्यको दायित्व एवं भाग २१ का धारा २३८ देखि २३९ सम्म तथा धारा ५१ मा रहेको नीतिगत व्यवस्था, भ्रष्टाचार/अनियमितता जस्ता विषयमा छानविन, अनुसन्धान तथा अभियोजनका लागि संवैधानिक आयोगको रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था गरिएको छ। भ्रष्टाचार निवारण ऐन, २०५९, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ तथा नियमावली, २०५९ समेतका कानुनी व्यवस्थाहरू रहेका छन्। त्यसैगरी, नेपाल भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि (UNCAC) को पक्ष राष्ट्र समेत रहेको र तदनुरुपका प्रतिबद्धताहरू पूरा गर्नका लागि नेपाल सरकारले सो महासन्धिको कार्यान्वयनका निमित्त राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९ समेत तय गरी कार्यान्वयनमा ल्याएको छ। भ्रष्टाचार नियन्त्रणका लागि आवश्यक रणनीति तय गरी सोको प्रभावकारी कार्यान्वयनबाट सुशासनको बृहत्तर लक्ष्य प्राप्त गर्न सकिन्छ भन्ने विषयमा नेपाल सरकारको प्रतिबद्धता रहेको छ। राज्यका सबै अवयवहरू, तीन तहका सरकार, प्रत्येक तहका कार्यपालिकीय, व्यवस्थापिकीय र न्यायपालिकीय कार्यहरू सम्पादन गर्न अधिकार प्राप्त अधिकारीहरू, सार्वजनिक पदाधिकारीहरू, राज्यकोषबाट तलब, सुविधा प्राप्त गर्ने, सरकारी ओहदा प्राप्त पदमा रही कार्य गर्ने व्यक्ति/कर्मचारी/पदाधिकारी सबै लाई जिम्मेवार, जवाफदेही, पारदर्शी बनाउन आवश्यक देखिएको छ। देशका ७५३ स्थानीय तह, ७ वटा प्रदेश सरकार र संघ सरकारको सामूहिक प्रतिवद्धता र भ्रष्टाचार नियन्त्रणका लागि क्रियाशीलताबाट मात्रै समग्र मुलुकको सुशासनको लक्ष्य प्राप्त हुन जाने देखिन्छ। साधन स्रोतको अप-व्यय, अनियमितता, सेवा प्रवाहका क्रममा अनुचित लाभ लिने प्रवृत्ति, विकास निर्माणका कार्यमा लागत बढ्न जाने, गुणस्तर न्यून गर्ने जस्ता विषयहरू, समयमै निर्माण नगर्ने, निर्णयमा स्वार्थ बाझने विषय, नियत राखेरै भ्रष्टाचारजन्य कार्य गर्ने (Intent to Corruption) जस्ता समस्याहरूबाट नेपालको प्रशासन आक्रान्त छ भन्ने आम धारणा रहिआएको छ। सेवा प्रवाहको चाप बढी हुने कार्यालयहरूमा विचौलियाको पहुँच, प्रक्रियामा जटिलता, राष्ट्रसेवकहरूमा आफूलाई सेवकभन्दा शासक ठान्ने प्रवृत्ति जस्ता समस्याहरू विद्यमान छन् ।

यी र यस्ता जटिलताका बीच लुम्बिनी प्रदेश सरकारका १२ वटा मन्त्रालयहरू, ७ वटा निर्देशनालयहरू, आयोग, परिषद्, प्रतिष्ठान, १२ वटै जिल्लाका प्रदेश सरकार अन्तर्गतका कार्यालयहरू, १०९ पालिकादेखि वडा तहसम्मका सरकारी संयन्त्रहरूलाई जिम्मेवार, जवाफदेही, मितव्ययी, पारदर्शी बनाउँदै सुशासनको प्रवर्द्धन गर्दै जनताको अपेक्षा अनुसारको सरकारको समग्र कार्यशैलीलाई प्रभावकारी पार्न भ्रष्टाचारको न्यूनीकरण गर्दै नियन्त्रण गर्न, प्रदेश सरकारलाई स्थापित र संस्थागत गर्दै सेवा प्रवाहको माध्यमबाट शासकीय मूल्य मान्यताको प्रवाह गर्न वाञ्छनीय भएकाले यसका लागि प्रभावकारी रणनीति तय गर्न आवश्यक भएको छ। प्रदेश सरकारले सुशासन कायम गर्ने विषयलाई स्थापना कालदेखि उच्च प्राथिमकतामा राखी सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रण गर्न विभिन्न नीतिहरू अवलम्बन गर्दै आएको छ। यी नीतिगत व्यवस्थाहरू तथा प्रतिबद्धता पूरा गर्न समेत एक आवधिक रणनीति तय गरी यस प्रादेशिक रणनीतिले राष्ट्रिय रणनीतिका लक्ष्यहरू प्राप्त गर्ने माध्यमको रुपमा रहने गरी तदनुरुपका कार्यनीति तथा कार्यक्रमहरू, क्रियाकलापहरू सहितको रणनीतिगत ढाँचा तयार गरी प्रदेशभर कार्यान्वयनमा लैजान आवश्यक देखिएको छ।

सार्वजनिक निकायमा हुने भ्रष्टाचारका कारणको पहिचान गर्दै सोको न्यूनीकरणका लागि सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार न्यूनीकरणसम्बन्धी पाँच बर्षे रणनीतिक कार्ययोजना (२०८१/०८२-२०८५/०८६) लुम्बिनी प्रदेश सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ।

## २. विद्यमान अवस्था

नेपालको सन्दर्भमा भ्रष्टाचारको स्थिति र यसको प्रवृत्तिको विश्लेषण गर्दा मूलतः २ किसिमका सूचकहरूः ट्रान्सपरेन्सी इन्टरनेसनलबाट प्रकाशित हुने भ्रष्टाचार अनुभूति सूचक (करप्सन पर्सेप्सन इन्डेक्स) र विश्व बैङ्कद्धारा प्रकाशन हुने भ्रष्टाचार नियन्त्रण सूचकको उपयोग गरिएको छ।ग्लोबल करप्सन व्यारोमिटरको आधारमा नेपालमा राजनीतिक दलहरूमा सबैभन्दा बढी भ्रष्टाचार रहेको देखाएको छ।त्यसपछि क्रमशः प्रहरी, सार्वजनिक पदाधिकारी र संसद रहेको तथ्याङ्कले देखाएको छ।नागरिकले सार्वजनिक वस्तु तथा सेवा प्राप्त गर्ने क्रममा अनुभूति गरेका बढी भ्रष्टाचार हुने स्थानहरूमा राजश्व, मालपोत, न्यायिक क्षेत्र तथा कर प्रशासन सञ्चालन गर्ने निकायहरू रहेका छन्।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आर्थिक वर्ष २०७४/०७५ मा गरेको भ्रष्टाचार र सुशासनसम्बन्धी सर्वेक्षणले ६४ प्रतिशत नागरिकले मात्र तोकिएको विधि र प्रक्रिया अनुसार समयमै सेवा प्राप्त गरेको बताएका थिए। उक्त सर्वेक्षणले मालपोत कार्यालय, नापी कार्यालय, आन्तरिक राजश्व कार्यालय, पालिका, खानेपानी कार्यालय, जिल्ला प्रशासन कार्यालय, यातायात व्यवस्था कार्यालय, प्रहरी कार्यालय, कृषि विकास कार्यालय, टेलिकम, भूमिसुधार कार्यालय, घरेलु

तथा साना उद्योग कार्यालय तथा सडक कार्यालयलाई भ्रष्टाचारको उच्च जोखिम संवेदनशील क्षेत्रका रूपमा देखाएको थियो ।

हाम्रो सन्दर्भमा भ्रष्टाचार कुनै नयाँ समस्या नभएर यो विगत देखि नै समस्याको रूपमा रहेको देखिन्छ। विभिन्न कालखण्डमा भ्रष्टाचारको परिमाण, स्वरुप, गहनता तथा सघनतामा परिवर्तन देखिएका छन्। राणाकालमा भ्रष्टाचार केही सीमित वर्गमा व्याप्त रहे पनि उजागर गर्न सकिने अवस्था थिएन भने पञ्चायतकालमा यो वितरणमुखी रहेको पाइन्छ। यसबेला राज्यको स्रोत साधनको गलत तरिकाले प्रयोग गरी पञ्चायतको विपक्षमा रहेका जनताहरूलाई आफ्नो पक्षमा पार्ने तथा आफू पक्षीय जनतालाई रिझाउन राष्ट्रको स्रोत साधनको अत्यधिक दोहन गर्ने प्रवृत्ति पञ्चायतकालमा थियो । बहुदलीय संसदीय व्यवस्थाको सुरुवातसँगै भ्रष्टाचार पनि विकेन्द्रित भएको पाइन्छ ।

हरेक राजनीतिक परिवर्तनसँगै शासनका पात्रहरू परिवर्तन हुँदै जाँदा भ्रष्टाचारको पुस्तान्तरण हुँदै गएको पाइन्छ।आन्तरिक द्वन्द्व र लम्बिदो सङ्क्रमणकालले मुलुकको शासकीय क्षमता कमजोर हुँदा दण्डहीनता बढ्नुका साथै अनियमितता र भ्रष्टाचारले झन मौलाउने अवसर पाएको देखिन्छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको चौंतिसौं वार्षिक प्रतिवेदन आ व २०८०/०८१ अनुसार २०८०।८१ मा आयोगमा दर्ता भएको कूल ३६,१८६ उजुरीमध्ये लुम्बिनी प्रदेश ४,८९४ उजुरी (प्रदेशका स्थानीय तहसमेत) अर्थात् जम्मा उजुरी सङ्ख्याको १३.५२ प्रतिशत सहित नेपालका सात प्रदेशमध्ये बाग्मती र मधेश प्रदेश पछिको तेस्रो स्थानमा रहेको देखिएको छ । प्रतिवेदन अनुसार प्रदेशगत आधारमा हेर्दा कूल ४४५७ दर्ता उजुरीमध्ये ८१६ उजुरी सहित लुम्बिनी प्रदेश पहिलो स्थानमा रहेको देखिन्छ ।बेरुजु प्रतिशतको आधारमा लुम्बिनी प्रदेश १.९५ प्रतिशत सहित चौथो स्थानमा रहेको देखिन्छ। तथापि, प्रदेशको भ्रष्टाचारको सघनता र व्याप्तता मापनका लागि पर्याप्त तथ्याङ्क उपलब्ध हुनसक्ने अवस्था छैन र उपलब्ध तथ्याङ्क पनि अद्यावधिक गर्नुपर्ने अवस्था रहेको छ।

## ३.सुशासन प्रवर्द्धन र भ्रष्टाचार न्यूनीकरणका लागि भएका प्रयासहरू

प्रदेश सरकारले सुशासन प्रवर्द्धन र भ्रष्टाचार न्यूनीकरणका लागि विभिन्न नीतिगत, कानुनी र संस्थागत व्यवस्था एवं कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही एवं पारदर्शी बनाउन प्रदेश सुशासन ऐन, २०७६ कार्यान्वयनमा रहेको छ।पारदर्शीता, सुशासन र उत्तरदायित्वको भावनालाई मूर्तरूप दिन सार्वजनिक खर्च प्रणालीमा मितव्ययिता र पारदर्शिता कायम गरी सुशासन प्रवर्द्धनका लागि प्रदेश सुशासन केन्द्र मार्फत् विभिन्न क्षमता विकास कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्।प्रदेशको प्रथम आवाधिक योजना (२०७६/७७-२०८०/८१) ले विधिको शासन कायम गर्दै सुशासन प्रत्याभूत गर्ने रणनीति

अवलम्बन गरेको छ।साथै, दोश्रो आवाधिक योजना (२०८१/८२-२०८५/८६) ले राजनीतिक, प्रशासनिक र न्यायिक क्षेत्रमा सुशासन कायम गर्ने लक्ष्य लिएको छ।अध्ययन अनुसन्धान र तथ्यमा आधारित नीति निर्माण र विकासका कार्यक्रम कार्यान्वयन गर्ने समष्टिगत रणनीतिको रुपमा राखेको देखिन्छ। प्रदेश सरकारबाट सुशासन कायम गर्दै सार्वजनिक सेवालाई सहज र पहुँचयोग्य बनाउन प्रदेश मन्त्रालय, प्रदेशस्थित कार्यालय र प्रदेशभित्रका स्थानीय तहबाट सञ्चालन हुने सेवा प्रवाह, कार्यक्रम तथा क्रियाकलाप कानुनी शासनको अवधारणामा आधारित रही कानुन, कार्यविधि, मापदण्ड आदि निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ। जनताको समीपमा रहेका निकायबाट हुने सेवा प्रवाहलाई गुणस्तरीय, सरल, सहज र व्यवस्थित बनाउन क्षमता विकासका कार्यक्रम सञ्चालन गरिएका छन्।सेवा प्रवाहमा सहजीकरणका लागि आवश्यकतानुसार बजेट, अख्तियारी र अधिकार प्रत्यायोजन गरी प्रक्रियागत सरलीकरण समेत गरिएको छ। प्रदेशमा सूचनाको हकसम्बन्धी कानुनी व्यवस्था अनुसार माग हुने सार्वजनिक एवं व्यक्तिगत महत्वका विभिन्न प्रकृतिका सूचनाको निर्धारित समयमै सम्बोधन हुने गरेको छ। सूचनाको हक अन्तर्गत दर्ता हुन आएका निवेदन उपर कानुनी प्रावधान बमोजिम सम्बोधन गर्न सबै मन्त्रालय र अन्तर्गतका निकायमा सूचना अधिकारीको अनिवार्य व्यवस्था गरिएको छ। नागरिकको सूचनाको हकलाई सुशासन र शासकीय सुधारको आधारका रुपमा लिई पारदर्शिता प्रवर्द्धन गर्न प्रदेश सरकारका काम कारवाहीलाई अद्यावधिक गरी अधिकतम सार्वजनिकीकरण गर्ने गरिएको छ।

प्रदेश सरकारबाट हुने सेवा प्रवाहमा सेवा प्राप्ति र सहभागिताको प्रक्रिया सरल, सहज, पहुँचयोग्य र लागतप्रभावी बनाउन विद्युतीय माध्यमबाट सूचना सम्प्रेषण, आवेदन एवं सहभागितात्मक विधि र प्रक्रिया अवलम्बन गरिएको छ। विद्युतीय माध्यमबाट प्रदेशमा सुशासन प्रवर्द्धन गर्न प्रदेश सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठानमार्फत् विभिन्न प्रक्रियामा सरलीकरण र सेवाको सहजीकरण सम्बन्धी सफ्टवेयर निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ। प्रदेशमा शासकीय सुधार र सदाचारयुक्त कार्यव्यवहार प्रवर्द्धनका लागि प्रदेश सरकार मन्त्रिपरिषद् सदस्यले पालना गर्नुपर्ने आचारसंहिता-२०८१ जारी गरी कार्यान्वयनमा ल्याइएको छ। सरकारी एवं सार्वजनिक सम्पतिको मितव्ययी र दिगो उपयोगका लागि अख्तियारवालालाई जिम्मेवार बनाइएको छ। वैयक्तिक कार्यप्रयोजनमा सार्वजनिक सम्पतिको उपयोग उपर नियन्त्रण गरिएको छ। अनावश्यक जिन्सी सामानको खरिदमा बन्देज, सार्वजनिक सम्पतिको संयुक्त उपयोग जस्ता माध्यमबाट सार्वजनिक स्रोत साधनको उचित उपयोगमा जोड दिइएको छ। प्रदेश सरकारका नीति एवं निर्णयको प्रभावकारी कार्यान्वयनका सम्बन्धमा समय समयमा अनुगमन गर्ने गरिएको छ। नेपालको संविधान र प्रचलित कानुनले तोकेको प्रदेश सरकारको अधिकार र जिम्मेवारी पूर्णरुपमा कार्यान्वयनका लागि कानुनी, नीतिगत एवं प्रशासनिक आधार सिर्जना गरिएका छन्।

सार्वजनिक प्रशासनको सिद्धान्त र मूल्य मान्यतामा आधारित रही प्रदेशको प्रशासनिक संयन्त्र सञ्चालनमा रहेको छ। नेपालको संविधान, नेपाल सरकारबाट स्वीकृत नीति, कानुन तथा प्रदेश सरकारबाट स्वीकृत कार्यविधि, निर्देशिका, मापदण्ड आदि कार्यसम्पादनका कानुनी आधारका रूपमा अवलम्बन गरिएको छ। निर्णय गर्दा सरोकारवालाको सहभागितालाई प्राथमिकता दिइएको छ। संघीयताको मर्म र भावना प्रतिबिम्बित हुने गरी तीन तहको अन्तरसम्बन्ध, सहअस्तित्व, समन्वय र सहकार्यको संवैधानिक मूल्यलाई समेत नीति निर्माण र कार्यान्वयनको आधारका रुपमा अवलम्बन गरिएको छ। साथै, राज्यले अन्तराष्ट्रियरुपमा प्रतिबद्धता जनाएका महासन्धि एवं सन्धि सम्झौतालाई समेत प्रदेशको नीति कार्यक्रम निर्माण र कार्यान्वयनको आधारका रुपमा लिइएको छ।उत्तर विधायिकी परीक्षण, प्रत्यायोजित व्यवस्थापनसम्बन्धी निगरानी कार्य, संसदीय निगरानी अन्तरगत विषयगत समितिद्वारा अनुगमन, सार्वजनिक लेखा समितिद्धारा प्रदेश सरकार स्थापना भएदेखि हालसम्मका सबै बेरुजु फछ्र्यौट, सुशासन सबलीकरण कार्यक्रमः प्रदेश सभासँग विद्यार्थी कार्यक्रम, नमूना संसद अभ्यास कार्यक्रम लगायत प्रदेश सभा तथा प्रदेश सरकारका महत्वपूर्ण कार्य उपलब्धिका रुपमा लिन सकिन्छ।

यसरी लुम्बिनी प्रदेश सरकारले भ्रष्टाचारप्रति शून्य सहनशीलताको नीतिलाई निरन्तरता दिँदै शासकीय प्रणालीमा आर्थिक अनुशासन, सुशासन र सदाचार संस्कृतिको प्रवर्द्धनका साथै भ्रष्टाचारका जोखिम क्षेत्रहरूको पहिचान गरी भ्रष्टाचारको न्यूनीकरण गर्दै क्रमशः नियन्त्रण गर्ने ध्येयका साथ निरोधात्मक र प्रवर्द्धनात्मक उपायसहितको पाँच बर्षे रणनीतिक कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ।

## ४. भ्रष्टाचारका संभाव्य जोखिम क्षेत्र

भ्रष्टाचारजन्य कार्य र यसको जोखिम क्षेत्र बहुतह, बहुस्वरुप, बहुआयामिक र व्यापक रहेको कुरा विभिन्न कालखण्डका आधिकारिक दस्तावेजहरुका आधारमा सहजै अनुमान गर्न सकिन्छ। पछिल्लो समय अख्तियार दुरुपयोग अनुसन्धान आयोगका वार्षिक प्रतिवेदन, महालेखा परीक्षकको कार्यालयको विभिन्न आवधिक प्रतिवेदनका साथै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्राप्त उजुरीहरूको विश्लेषण समेतका आधारमा प्रदेश सरकारको कार्यक्षेत्र अन्तर्गत देहायका निकाय/कार्यालय भ्रष्टाचारको उच्च जोखिमयुक्त क्षेत्रको रुपमा रहेको देखिन्छ।

१. यातायात सेवा (सवारी चालक अनुमति, सवारी दर्ता, नवीकरण)

२. सार्वजनिक खरिदको क्षेत्र

३. निर्माण/सुधार/मर्मत

४. परामर्श सेवा/आयोजनाको अध्ययन/अनुसन्धान/डिपिआर तयारी

५. राजश्व चुहावट (यातायात, मालपोत लगायत)

६. शिक्षा, स्वास्थ्य, कृषि (अनुदान वितरण र खरिद लगायत)
७. उद्योग तथा पर्यटन क्षेत्र (दर्ता, नवीकरण, अनुदान आदि)
८. वन व्यवस्थापन तथा नदीजन्य पदार्थ

**५. रणनीतिक कार्ययोजनाको आवश्यकता**

पारदर्शी, उत्तरदायी, जनमुखी एवं कानुनसम्मत शासन प्रणालीको स्थापना गरी जनतालाई प्रदान गर्ने सेवा र सुविधा सहज र सरल तरिकाले उपलब्ध गराउनु जनउत्तरदायी सरकारको प्रमुख दायित्व हो। जबसम्म राज्य संयन्त्रमा ढिलासुस्ती र सास्ती विद्यमान रहन्छ, सरकारी संयन्त्रको मनोवृत्तिमा परिवर्तन भएको महसुस जनताले गर्न पाउँदैन। सेवाग्राहीले असल व्यवहारको अनुभूत गर्न पाउँदैनन, हिजोभन्दा आज तुलनात्मक रुपमा छिटो र कम लागतमा काम भएको बोध नभई नेपालमा भएको युगान्तकारी परिवर्तन जनताको निम्ति सार्थक परिवर्तन हो भन्ने आभास हुन सक्दैन।सरकारको काम कारवाही एवं कार्यशैलीप्रति जनतामा विश्वास र भरोसा हुने स्थिति निर्माण गर्नु राज्यको आधारभूत दायित्व हो।सरकारी कार्यप्रणालीमा जनअपेक्षा अनुरुपको सुधार गर्दै जनतामा प्रवाहित हुने वस्तु तथा सेवा निर्धारित समय र कम लागतमा उपलब्ध वा प्रवाह हुने एवं सबै स्वरुप र तहका भ्रष्टाचार एवं वेथितिलाई नियन्त्रण गरी जनतामा सुशासन र सार्थक परिवर्तनको अनुभूतिदिलाई सदाचारयुक्त एवं सुसंस्कृत समाजको निर्माण गर्न यससम्बन्धी रणनीतिको आवश्यकता महसुस गरिएको हो।

**६. रणनीतिक कार्ययोजनाका क्षेत्रहरू**

यस रणनीतिक कार्ययोजनामा देहायका ११ वटा प्रमुख विषयक्षेत्रसँग सम्बन्धित रणनीति र उक्त रणनीति प्राप्त गर्न सञ्चालन गरिने क्रियाकलापहरू समावेश गरिएको छ ।

क. नैतिकता तथा सदाचारिता प्रवर्द्धन
ख. व्यावसायिकता अभिवृद्धि
ग. सार्वजनिक सेवा प्रवाह
घ. वित्तीय सुशासन
ङ. आयोजना कार्यान्वयन
च. कानुन तर्जुमा र कार्यान्वयन
छ. पारदर्शिता, सामाजिक जवाफदेहिता तथा उत्तरदायित्व प्रवर्द्धन
ज. सार्वजनिक खरिद व्यवस्थापन
झ. सार्वजनिक सम्पत्ति व्यवस्थापन
ञ. अनुगमन तथा मूल्याङ्कन

ट. समन्वय, सहकार्य र साझेदारी

## ७. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य र रणनीति

यस रणनीतिक कार्ययोजनाको दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य र रणनीति देहायबमोजिम रहेको छ।

### ७.१. **दीर्घकालीन सोंच**

सुशासनयुक्त र भ्रष्टाचारमुक्त लुम्बिनी प्रदेश

### ७.२. **लक्ष्य**

शासकीय प्रभावकारिता अभिवृद्धि र भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्ने।

### ७.३. **उद्देश्य**

१. प्रदेश अन्तर्गत उपलब्ध स्रोत साधनको अधिकतम रुपमा परिचालन गरी सुशासनयुक्त र भ्रष्टाचारमुक्त लुम्बिनी प्रदेश निर्माण गर्नु।

२. प्रदेश सरकारको भ्रष्टाचार विरुद्धको प्रतिवद्धतालाई कार्यगत रुपमा अझ स्पष्ट गर्नु।

३. सार्वजनिक सेवालाई सक्षम, निष्पक्ष, पारदर्शी, जवाफदेही र नागरिकमैत्री बनाउनु।

### ७.४. **रणनीति**

सुशासन प्रवर्द्धन र भ्रष्टाचार न्यूनीकरण गरी सुशासनयुक्त र भ्रष्टाचारमुक्त लुम्बिनी प्रदेशको निर्माण गर्न देहायका रणनीति अवलम्बन गरिनेछ।

१. नैतिकता तथा सदाचारिता मार्फत सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार न्यूनीकरणको संस्कार विकास गरिनेछ।

२. सुशासन प्रवर्द्धन र भ्रष्टाचार न्यूनीकरणमा तहगत सरकार, निजी क्षेत्र, नागरिक समाज तथा सम्बद्ध सरोकारवालहरूसँग समन्वय र सहकार्य अभिवृद्धि गरिनेछ।

३. सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन विद्युतीय प्रणालीको विकास गरिनेछ।

४. पारदर्शिता तथा जवाफेदिता मार्फत शासकीय गतिविधिहरूमा सरोकारवालाहरूको अपनत्व र सहभागिता अभिवृद्धि गरिनेछ।

५. सेवाग्राही तथा सरोकारवालाहरूको क्षमता विकास गरी शासकीय गतिविधिमा सार्वजानिक चासोको प्रवर्द्धन र सामाजिक स्वीकारिताको अवस्था सिर्जना गरिनेछ।

# परिच्छेद-२

## ८.कार्ययोजना

| क्र.सं. | विषयक्षेत्र | रणनीति | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|---|
| १. | नैतिकता तथा सदाचारिता प्रवर्द्धन | सार्वजनिक प्रशासनका सबै क्षेत्रहरूमा नैतिकता प्रवर्द्धन गरी निष्पक्ष, पारदर्शी, जवाफदेही, मितव्ययी तथा जनउत्तरदायी रुपमा शासकीय क्रियाकलापहरू सञ्चालन गरिनेछ। | १. विद्यालयका सह तथा अतिरिक्त कार्यकलाप (Co and Extra–Curricular Activities) मार्फत विद्यार्थीहरूमा नैतिक मूल्य मान्यता तथा भ्रष्टाचार विरुद्धका विषयहरू वोध गराउन विभिन्न रचनात्मक क्रियाकलाप सञ्चालन गर्न समन्वय गर्ने। माध्यमिक तहका विद्यार्थीहरूको लागि एचयवभअत धयचप र क्याम्पस तहका विद्यार्थीहरूको लागि Research Workको रुपमा यस विषयलाई समावेश गर्न कार्यविधि तयार गरी कार्यान्वयन गर्न सहजीकरण गर्ने। | सामाजिक विकास मन्त्रालय | स्थानीय तह/ विद्यालय/क्याम्पस | आ.व.२०८१/८२ को तेस्रो त्रैमासिक भित्र कार्यविधि निर्माण गरी निरन्तर कार्यान्वयन | - कार्यक्रम सञ्चालन कार्यविधि,<br>- सञ्चालित रचनात्मक क्रियाकलाप सहितको वार्षिक प्रतिवेदन |
| | | | २. जनप्रतिनिधि तथा कर्मचारीहरूको तालिम तथा क्षमता विकासका कार्यक्रमहरूमा नैतिकता प्रवर्द्धन हुने गरी मौजुदा तालिम पाठ्यक्रम/सामग्रीहरूमा परिमार्जन गरी सोही अनुसार कार्यक्रम कार्यान्वयन गर्ने। | प्रदेश सुशासन केन्द्र/अन्य तालिम केन्द्रहरू | विषयगत मन्त्रालय/स्थानीय तह | आ.व.२०८१/८२ मा परिमार्जन गरी निरन्तर कार्यान्वयन | परिमार्जित तालिम पाठ्यक्रम/ पाठ्य सामग्रीको विवरण, कार्यक्रम कार्यान्वयनको प्रतिवेदन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ३. सार्वजनिक सेवामा आध्यात्मिकता र पूर्वीय दर्शनको प्रभाव आन्तरिकीकरण गर्न लुम्बिनी बौद्ध विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय तथा प्रदेशस्थित अन्य धार्मिकएवम् आध्यात्मिक संस्थाहरूसँग सहकार्य गरी कर्मचारीतथा जनप्रतिनिधिहरूमा योग ध्यान, सकारात्मक सोच विकासका व्यावहारिक अभ्यासका लागि अवधारणापत्र(Concept Paper) तयार गरी कार्यक्रमहरू सञ्चालन गर्ने। | सामाजिक विकास मन्त्रालय | विषयगत मन्त्रालय/विश्वविद्यालय/ धार्मिक तथा आध्यात्मिक संस्थाहरू | आ.व.२०८१/८२ भित्र सहकार्य कार्यढाँचा तयार गरी निरन्तर सहकार्य गर्ने | - कार्यक्रम सञ्चालन ढाँचा सहितको अवधारणा पत्र<br>- सहकार्यका लागि सम्बन्धित निकायहरूसँग भएको सम्झौता( MoU) विवरण<br>- कार्यक्रम सञ्चालन प्रतिवेदन |
| | | | ४. सदाचार र नैतिकता प्रवर्द्धनका लागि सञ्चार माध्यमसँग सहकार्य गर्ने । खोज पत्रकारिता मार्फत अनियमितताहरू उजागर गर्ने, सचेतनामूलक सामग्री तथा वृत्तचित्र प्रकाशन तथा प्रसारण गर्ने, समाजका ख्यातीप्राप्त व्यक्तित्वहरूसँग अन्तरसम्वाद गर्ने, खर्चिला र सामाजिक तडक भडक विरुद्धका गतिविधि निरुत्साहित गर्ने लगायत कार्यक्रम सञ्चालनमा सञ्चार माध्यमको उपयोग गर्ने । | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | विषयगत मन्त्रालयहरू, स्थानीय तह, सञ्चार माध्यम, नागरिक समाज | आ.व.२०८१/८२ को तेस्रो त्रैमासिक भित्र सहकार्यको ढाँचा तर्जुमा गरी निरन्तर कार्यान्वयन | सहकार्यको कार्यढाँचा (Framework) कार्यक्रम सञ्चालनको वार्षिक प्रतिवेदन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ५. प्रत्येक जिल्लाबाट उच्च नैतिक चरित्र भएका कर्मचारी तथा नागरिक समाजका पदाधिकारीहरूलाई वार्षिक रुपमा पदक सहित सम्मान गर्ने । | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सञ्चार माध्यम, नागरिक समाज | आ.व.२०८१/८२ को तेस्रो त्रैमासिक भित्र प्रदेश पदक ऐन, २०७६ संसोधन गरी आ.व. २०८२/८३ देखि निरन्तर कार्यान्वयन | संशोधित प्रदेश पदक ऐनको दस्तावेज र सम्मानीत व्यक्तिहरूको विवरण |
| | | | ६. सार्वजनिक, राजनैतिक, निजीक्षेत्र, गैसस तथा नागरिक समाजका पदाधिकारीहरूको भूमिका समेतलाई स्पष्ट गर्दै प्रदेशसदाचार नीति तर्जुमा गरी कार्यान्वयन गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | राजनैतिक दल, निजी क्षेत्र, सञ्चार माध्यम, नागरिक समाज | आ.व. २०८२/८३ को पहिलो त्रैमासिकमा नीति तर्जुमा र निरन्तर कार्यान्वयन | प्रदेश सदाचार नीति |
| | | | ७ मन्त्रालय, आयोग, विश्वविद्यालय, परिषद् तथा सचिवालयमा हुने राजनैतिक नियुक्तिलाई व्यवस्थित, पारदर्शि र क्षमतामा आधारित बनाउन कार्यविधि तर्जुमा गर्ने र सोको प्रभावकारी कार्यान्वयन गर्ने । | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | विषयगत मन्त्रालय तथा निकायहरू | आ.व. २०८१/८२ को तेस्रो त्रैमासिक भित्र कार्यविधि तर्जुमा र निरन्तर कार्यान्वयन | कार्यविधि, राजनैतिक नियुक्तिको विवरण |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | व्यावसायिकता अभिवृद्धि | १. कर्मचारी तथा जनप्रतिनिधिको पेशागत सक्षमता अभिवृद्धिका कार्यक्रमसञ्चालन गरिनेछ।<br>२. सार्वजनिक पदाधिकारीको नेतृत्व क्षमता विकास गरिनेछ। | १. कर्मचारी तथा जनप्रतिनिधि(स्थानीय तह समेत) लाई शासकीय दक्षता अभिवृद्धिका लागि मागमा आधारित सेवाकालीन, आधारभूत एवम् पुनर्ताजगी तालिम तथा क्षमता विकास कार्यक्रमहरू सञ्चालन गर्ने। | प्रदेश सुशासन केन्द्र | विषयगत मन्त्रालय/ निकाय, स्थानीय तह | निरन्तर | वार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयनको वार्षिक प्रतिवेदन |
| | | | २. जिल्लास्थित कार्यालय प्रमुखहरू तथा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरूको व्यवस्थापकीय सीप अभिवृद्धिकालागि Executive Management Training सञ्चालन गर्ने। त्यस्ता प्रकृतिको तालिम लिएका व्यक्तिहरूलाई मात्रै कार्यालय प्रमुखको जिम्मेवारी दिने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सुशासन केन्द्र स्थानीय तह | आ.व.२०८१/८२ मा पाठ्यक्रम निर्माण गरी आ.व.२०८२/८३ देखि निरन्तर कार्यान्वयन | निर्माण भएका पाठ्यक्रम<br>लक्षित कर्मचारी विवरण<br>तालिम सञ्चालन वार्षिक प्रतिवेदन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ३. कर्मचारी तथा जनप्रतिनिधिहरूमा कार्यसम्पादन सम्झौता(Performance Contract) गर्ने र सो ही अनुसार मूल्याङ्कन गर्ने पद्धतिलाई संस्थागत गने । मुख्यमन्त्रीले मन्त्रीहरूसँग, मन्त्रीहरूले सचिवसँग, सचिवले महाशाखा प्रमुख तथा कार्यालय प्रमुखसँग र महाशाखा प्रमुख वा कार्यालय प्रमुखले मातहत कर्मचारीसँग कार्यसम्पादन सम्झौता गर्ने । | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सबै विषयगत मन्त्रालय/ निकाय | आ.व. २०८१/८२ को दोस्रो त्रैमासिक भित्र सम्झौता गरी निरन्तर कार्यान्वयन | - कार्यसम्पादन सम्झौताको प्रति<br>- कार्यान्वयनको वार्षिक प्रतिवेदन |
| | | | ४. कार्यसम्पादन सम्झौताको प्रगतिलाई दण्ड र पुरस्कारसँग आबद्ध गरी उत्प्रेणा स्तर वढाउन कार्यसम्पादन प्रोत्साहन कोष स्थापना तथा परिचालनसम्बन्धी मापदण्ड तयार गरी कार्यान्वयन गर्ने। | आर्थिक मामिला तथा योजना मन्त्रालय | विषयगत मन्त्रालय(सबै) | आ.व.२०८१/८२ तेस्रो त्रैमासिक भित्र मापदण्ड निर्माण गरी निरन्तर कार्यान्वयन | - कार्यसम्पादन प्रोत्साहन कोष परिचालन मापदण्ड<br>- कार्यसम्पादन प्रोत्साहन कोष |
| | | | ५. लुम्बिनी प्रदेशमा व्यवसायको दृष्टिले अनुकरणीय निजी क्षेत्रका कम्पनीको नेतृत्व क्षमता एवं व्यवस्थापकीय कुशलताका बारेमा अध्ययन गरी सरकारीक्षेत्रमा समेत उपयुक्तताका आधारमा अनुसरण गर्ने । | उद्योग,पर्यटन तथा यातायात मन्त्रालय | विषयगत मन्त्रालय, निजी क्षेत्र | आ.व. २०८१/८२ मा नेतृत्व क्षमता र कुशलता अध्ययन गरी आवश्यकता अनुसार कार्यान्वयनमा लै जाने | अध्ययन प्रतिवेदन, वार्षिक प्रगति प्रतिवेदन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ६. प्रत्येक सरकारी कार्यालयमा अनिवार्य रुपमा ई-हाजिरी(E–attendance) को प्रबन्ध मिलाउने। ई-हाजिरीलाई एकीकृत कार्यालय व्यवस्थापन प्रणाली( GIOMS) सँग अनिवार्य आवद्ध (Integration) गने ि। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | विषयगत मन्त्रालय/ निकाय | आ.व.२०८१/८२ मा अध्ययन गरी आ.व. २०८२/८३ देखि सबै निकायमा निर न्तर कार्यान्वयन | एकीकृत कार्यालय व्यवस्थापन प्रणाली(GIOMS) मा आवद्व निकायको विवरण |
| | | | ७. प्रदेश सरकार अन्तर्गतका सार्वजनिक निकायहरूको प्रदेशको आवश्यकता, नागरिकको अपेक्षा, आर्थिक स्रोतको उपलव्धता तथा दिगोपना समेतका आधारमा लुम्बिनी प्रदेश सरकार अन्तर्गत के कति सङ्ख्यामा मन्त्रालयहरू,मातहत निकायहरू तथा अन्य सार्वजनिक संगठनहरू; परिषद्, प्रतिष्ठान, वोर्ड, विश्वविद्यालय लगायत सञ्चालन गर्नुपर्ने हो? कार्यक्रम, कार्यबोझर कार्यप्रकृतिको विश्लेषण समेतका आधारमा चुस्त र व्यावसायिकसंगठन निर्माणका लागि विस्तृत विधिबाट सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey) गर्न विज्ञ सहितको स्वतन्त्र कार्यदल गठन गर्ने | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सबै विषयगत मन्त्रालय/ निकाय | आ.व. २०८१/८२ कोतेस्रो त्रैमासिक भित्र प्रतिवेदन प्राप्त गरी कार्यान्वयनमा लै जाने | सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey) कार्यदल गठन तथा प्रतिवेदन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ८. सार्वजनिक पदाधिकारीहरूमा Emotional Intelligence, Ethical standards, Spiritualism जस्ता पक्षहरूमा जोड दिई नेतृत्व सीप अभिवृद्धि गर्न क्षमता | प्रदेश सुशासन केन्द्र | सबै विषयगत मन्त्रालय/निकाय | आ.व. २०८१/८२ भित्र विद्यमान पाठ्यक्रममा समीक्षा गरी आवश्यक विषय समावेश गरी आ.व. २०८२/८३ देखि निरन्तर कार्यान्वयन | विद्यमान पाठ्यक्रमको समीक्षा तथा संशोधन |
| | | | ९. सबै मन्त्रालय तथा निकायहरुले मातहत कार्यालयहरूले सम्पादन गर्ने | सबै विषयगत मन्त्रालय/निकाय | | आ.व. २०८१/८२ को तेस्रो त्रैमासिक भित्र प्रणाली विकास गरी निरन्तर कार्यान्वयन | स्तरीकृत कार्यसञ्चालन विधि (SoP) |
| | | | १०. कर्मचारी एवं जनप्रतिनिधि तथा प्रदेश सरकारबाट पारिश्रमिक/सुविधा पाउने सबै पदाधिकारीको सम्पत्ति | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | आ.व. २०८१/८२ को तेस्रो त्रैमासिक भित्र कार्यविधि तर्जुमा तथा निरन्तर कार्यान्वयन | सम्पत्ति विवरण व्यवस्थापन सम्बन्धी विद्युतीय प्रणाली |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ११. अवकाश प्राप्त राष्ट्रसेवकहरूको ज्ञान, सीप तथा अनुभव उपयोगसम्बन्धी कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने । | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सबै विषयगत मन्त्रालय/ निकाय | आ.व. २०८१/८२ को दोस्रो त्रैमासिक भित्र नीति तर्जुमा गरी निरन्तर कार्यान्वयन | कार्यविधि दस्तावेज, वार्षिक प्रगति विवरण |
| | | | १२. प्रदेशस्तरमा मानव संसाधन नीति तर्जुमा गरी कार्यान्वयन गर्ने । | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश योजना आयोग/ सबै मन्त्रालय/ निकाय | आ.व. २०८१/८२ को तेस्रो त्रैमासिक भित्र कार्यविधि तर्जुमा गरी २०८२/८३ देखि निरन्तर कार्यान्वयन | मानव संसाधन नीति दस्तावेज, वार्षिक प्रतिवेदन |
| | | | १३. लुम्बिनी प्रदेश एकीकृत सूचना पोर्टल (Lumbini.gov.np) | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | सबै विषयगत मन्त्रालय/ निकाय प्रदेश योजना आयोग/ | आ.व. २०८२/८३ मा पोर्टल विकास गरी कार्यान्वयनमा लै जाने | एकीकृत सूचना पोर्टल (lumbini.gov.np) |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | १४. व्यवस्थापन परीक्षण (Management Audit) | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | विषयगत मन्त्रालय/निकाय | आ.व. २०८१/८२ मा कार्यविधि तयार गरी कार्ययोजना अवधिभरमा सबै निकायको सम्पन्न गर्ने | व्यवस्थापन परीक्षण कार्यविधि दस्तावेज, व्यवस्थापन |
| | | | १५. प्रदेश तथा स्थानीय तहवाट भएका असल अभ्यासहरू (Best Practices) को पहिचान तथा सार्वजनीकरण गर्ने । | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सबै विषयगत मन्त्रालय/निकाय र स्थानीय तह | आ.व. २०८१/८२ को दोस्रो त्रैमासिक भित्र मापदण्ड तयार गरी वार्षिक रुपमा पहिचान र सार्वजनीकरण | असल अभ्यास पहिचानको आधार मापदण्ड, |
| | | | १६. जिल्ला स्थित प्रदेश कार्यालयहरूले आफ्नो कार्यक्षेत्र बमोजिमका कार्यहरू कार्यान्वयनको बार्षिक कार्ययोजना तर्जुमा गरी सार्वजनिक गर्ने । | विषयगत कार्यालयहरू | विषयगत मन्त्रालय (निर्देशन र अनुगमन) | आ.व. २०८२/८३ को श्रावण मसान्त भित्र सुरुवात गरी प्रत्येक आ.व.मा निरन्तरता | नवप्रवर्तनको सम्भाव्यता अध्ययन प्रतिवेदन नवप्रवर्तनको वार्षिक कार्यान्वय प्रतिवेदन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | सार्वजनिक सेवा प्रवाह | १. सार्वजनिक सेवालाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, जवाफदेही तथा जनअपेक्षित बनाइनेछ। | १. सार्वजनिक सेवामा नवप्रवर्तन (Innovation) लाई आन्तरिकीकरण गर्दै सेवा प्राप्तिको लागत, समय र दुरी घटाउने । | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सबै विषयगत मन्त्रालय/ निकाय | आ.व. २०८१/८२ को तेस्रो त्रैमासिक भित्र नवप्रवर्तनको सम्भाव्यता अध्ययन गरी प्रतिवेदन बमोजिम निरन्तर कार्यान्वयन | नवप्रवर्तनको सम्भाव्यता अध्ययन प्रतिवेदन, नवप्रवर्तनको वार्षिक कार्यान्वयन प्रतिवदेन |
| | | २. सार्वजनिक गतिविधिहरूमा नागरिकको सहभागिता, सशक्तीकरण र स्वास्थ नियन्त्रण कायम गर्न कार्यक्रम सञ्चालन गरिनेछ। | २. कार्यालयको कार्यप्रकृति अनुसार सम्बन्धित स्थानीय तहसँगको सहकार्यमा वार्षिक रुपमा कम्तिमा १ पटक एकीकृत घुम्ती सेवा (Integrated Mobile Service) सञ्चालन गर्ने । घुम्ती सेवा सञ्चालन हुने समय र सेवा तथा प्रक्रियाहरूको वारेमा प्रत्येक वर्षको भाद्र मसान्त भित्रै कार्यालयले सम्बन्धित स्थानीय तहसँग समन्वय गरी सरोकारवालालाई जानकारी गराउने । | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय | विषयगत मन्त्रालय | आ.व. २०८१/८२ को तेस्रो त्रैमासिक भित्र एकीकृत घुम्ती सेवा सञ्चालन तथा व्यवस्थापन मापदण्ड निर्माण गरी निरन्तर कार्यान्वयन | एकीकृत घुम्ती सेवा सञ्चालन तथा व्य( वस्थापन मापदण्ड र वार्षिक प्रतिवेदन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ३. नेपाली भाषा राम्रोसँग नबुझ्ने सेवाग्राहीहरूको लागि Help Desk मा रहने कर्मचारीहरूलाई स्थानीय बोलीचालीको भाषाका लागि बहुभाषिक तालिम (Multilingual Training) दिने । | प्रदेश सुशासन केन्द्र | विषयगत मन्त्रालय/ निकाय र स्थानीय तह, | आ.व. २०८१/८२ को तेस्रो त्रैमासिक भित्र आवश्यक सेवा क्षेत्र र भाषा पहिचान गरी आ.व.२०८२/८३ देखि तालिम सञ्चालन निरन्तर | बहुभाषिक तालिम (Multilingual Training) आवश्यक सेवा क्षेत्र र भाषा पहिचान प्रतिवेदन, भाषा तालिम पाठ्यक्रम तालिमको वार्षिक प्रतिवेदन |
| | | | ४. विकास निर्माणसम्बन्धी कार्यहरूको सम्बन्धमा सामाजिक परीक्षण गर्ने व्यवस्था अनिवार्य गर्ने । | सामाजिक विकास मन्त्रालय | सम्बद्ध विषयगत मन्त्रालय, स्थानीय तह, जिल्ला स्थित कार्यालयहरू | आ.व. २०८१/८२ भित्र सामाजिक परीक्षण मापदण्ड निर्माण गरी निरन्तर कार्यान्वयन | सामाजिक परीक्षण मापदण्ड, वार्षिक प्रतिवेदन, अध्ययन प्रतिवेदन |
| | | | ५. अनलाइनको माध्यमबाट सेवा दिन सकिने सेवाहरूको वारेमा अध्ययन गरी उपयुक्त विद्युतीय प्रणाली विकास गर्दै Virtual माध्यमबाट सेवा प्रवाहमा जोड दिने । | भौतिक पूर्वाधार मन्त्रालय | सबै विषयगत मन्त्रालय/ निकाय | आ.व. २०८१/८२ भित्र अध्ययन गरी प्रतिवेदन बमोजिम निरन्तर कार्यान्वयन | Virtual माध्यमबाट भएको सेवा प्रवाहको वार्षिक प्रतिवेदन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ६. सरुवा वा अवकाश भई जाने कर्मचारीले अनिवार्य रुपमा संस्थागत स्मरण प्रतिवेदन (Institutional Memory Report/Handover Note) बुझाउने व्यवस्था गर्ने । | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | सबै विषयगत मन्त्रालय/निकाय | आ.व. २०८१/८२ को दोस्रो त्रै मासिकबाट कार्यान्वयन सुरुवात र निरन्तरता | संस्थागत स्मरण सम्बन्धी प्रतिवेदन |
| | | | ७. प्रदेशस्तरमा सार्वजनिक सेवाको विषयक्षेत्रगत न्यूनतम मापदण्ड (Minimum Service Standard) निर्धारण गरी कार्यान्वयन गर्ने । | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सबै विषयगत मन्त्रालय | निजी क्षेत्र, सरोकारवाला | आ.व. २०८१/८२ भित्र मापदण्ड तर्जुमा गरी निरन्तर कार्यान्वयन | सार्वजनिक सेवाको विषयक्षेत्रगत न्यूनतम मापदण्ड |
| | | | ८. ''किसान एप'' निर्माण गरी ठूला सब्जी मण्डीहरूमा रहेका तरकारी/फलफूलजन्य सामग्रीहरूको दैनिक मूल्य सूची आम नागरिकले जानकारी पाउने व्यवस्था मिलाउने | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सूचना प्रविधि प्रतिष्ठान | आ.व. २०८१/८२ भित्र प्रणाली विकास गरी निरन्तर कार्यान्वयन | किसान एप निर्माण तथा उपयोगको अवस्था सहितको विवरण |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ९. यातायात कार्यालयहरूबाट प्रदान हुने सेवाहरूलाई प्रभावकारी बनाउन प्रदेश सरकारको छुट्टै विद्युतीय प्रणाली (सवारी तर्फ Electronic Vehicles Registration System–EVRS र लाइसेन्सतर्फ Electronic Driving License and Vehicles Registration System– EDLVRS) तयार गरी लागू गर्ने । | उद्योग, पर्यटन तथा यातायात मन्त्रालय | आर्थिक मामिला हेर्ने मन्त्रालय र यातायात व्यवस्था कार्यालयहरू | आ.व. २०८२/८३ सम्ममा प्रणाली विकास गरी निरन्तर सञ्चालन | EDLVRS/EVRS प्रणाली निर्माण तथा सञ्चालन अवस्था |
| | | | १०. यातायात कार्यालय लगायत अन्य कार्यालयहरूमा रहेका सबै प्रकारका फाईलहरूको Digital data entry गरी अभिलेखलाई व्यवस्थित गर्ने । | उद्योग, पर्यटन तथा यातायात मन्त्रालय र अन्य सम्बद्ध विषयगत निकाय | आर्थिक मामिला हेर्ने मन्त्रालय, अन्य सम्बद्ध निकाय तथा कार्यालय | आ.व. २०८१/८२ भित्र विद्युतीय प्रणालीमा अभिलेख प्रविष्ट गरी ८२/८३ देखि डिजिटल प्रणालीबाट कारोबार सञ्चालन | डिजिटल अभिलेख व्यवस्थापनको अवस्था र प्रतिवेदन |
| | | | ११. Digital feedback प्रणाली (QR code, Mobile apps, SMS लगायत) तयार गरी कार्यान्वयनमा ल्याउने । | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | सूचना प्रविधि प्रतिष्ठान | आ.व २०८१/८२ भित्र प्रणाली विकास गरी निरन्तर कार्यान्वयन | Digital feedback प्रणाली प्रणाली उपयोग विवरण |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | १२. सेवा प्रवाहमा एकद्वार प्रणाली (One door, One stop service, Integrated service) लागू गर्ने । | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सबै विषयगत मन्त्रालय | आ.व. २०८१/८२ को तेस्रो त्रैमासिक भित्र एकद्वार प्रणालीबाट सेवा वितरण गर्न सकिने सेवा तथा निकाय संरचना | अध्ययन प्रतिवेदन |
| | वित्तीय अनुशासन | शासकीय अभ्यासमा वित्तीय अनुशासन कायम गरिनेछ । | १. वार्षिक कार्यक्रम अन्तर्गतका बैठक, तालिम, गोष्ठी लगायत सञ्चालन गर्दा सम्भव भएसम्म सहभागी/प्रशिक्षार्थीलाई अनुकूल हुने स्थानमा रहेका सरकारी प्रशिक्षण संस्था, निकाय वा कार्यालयहरूसँग समन्वय गरी त्यस्ता संस्था, निकाय वा कार्यालयको सभाहल प्रयोग गर्ने । | विषयगत मन्त्रालय/ निकाय | सम्बन्धित सहजकर्ता निकाय/ कार्यालय/ संस्था | तत्कालै सुरुवात गरी निरन्तरता | कार्यक्रम संख्या र सभाहल उपयोग विवरण |
| | | | २. अतिथि सत्कारमा मितव्ययिता अवलम्बन गर्ने । बधाई तथा शुभकामना लगायतका कार्यक्रममा आयातित खादा, माला, फूल, लगायत अनुत्पादक सामग्रीहरूको प्रयोग नगर्ने । स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्ने गरी मात्र उपयोग गर्ने । | विषयगत मन्त्रालय/ निकाय | स्थानीय उद्यमी/ व्यावसायी | तत्कालै सुरुवात गरी निरन्तर कार्यान्वयन | अतिथि सत्कार अभ्यास |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ४. सबै सरकारी निकायबाट हुने आर्थिक कारोवारलाई अनिवार्यरुपमा इलष्लिभ उबथभलत कथकतभ्फ मा आवद्द गर्ने। | आर्थिक मामिला तथा योजना मन्त्रालय | सबै विषयगत मन्त्रालय/ निकाय | आ.व. २०८१/८२ भित्र प्रणाली विकास गरी निरन्तर कार्यान्वयन | Online payment system को सञ्चालन अवस्था |
| | | | ५. वार्षिक विकास कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयनमा जवाफदेहिता सहितको कानुन तर्जुमा गने । | प्रदेश सभा सचिवालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय | आ.व. २०८२/८३ भित्र | कानुन तर्जुमा तथा कार्यान्वयन |
| ५ | आयोजना कार्यान्वयन | आयोजना छनौट तथा कार्यान्वयनलाई वस्तुनिष्ठ र वैज्ञानिक बनाइनेछ। | १. मन्त्रालयबाट वार्षिक कार्यक्रम कार्यान्वयनका लागि स्वीकृत कार्ययोजना अनुसार कार्यसम्पादनको नियमित अनुगमन गर्ने । | सबै विषयगत मन्त्रालय/ निकाय | प्रदेश योजना आयोग | निरन्तर | अनुगमन प्रतिवेदन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | २. ५० लाख वा सो भन्दा माथिका आयोजना तथा कार्यक्रमको हकमा कार्यतालिका एवं कार्ययोजना अनुसार कार्यसम्पादन भए नभएको मासिक रुपमा अनुगमन गरी प्रतिवेदन लिने एवम् अद्यावधिक गर्ने । कार्यसम्पादन अवस्था सन्तोषजनक नभएकाहरूलाई तत्काल पृष्ठपोषण, प्राविधिक सहायता उपलब्ध गराउने । | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | विषयगत मन्त्रालय/ निकाय | निरन्तर | कार्यसम्पादन स्थिति प्रतिवेदन |
| | | | | | | | |

९. **जोखिम पक्षको विश्लेषण**

सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार न्यूनीकरणका लागि तर्जुमा गरिएका क्रियाकलापहरू कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट सुनिश्चित हुनु जरुरी छ। कार्ययोजना कार्यान्वयनका लागि कतिपय नयाँ कानुन तर्जुमा हुनुपर्ने, कतिपय कानुन संशोधन हुनुपर्ने साथै अधिकांश क्रियाकलाप कार्यान्वयन गर्न कार्यविधि, रणनीति, मापदण्ड, ढाँचा तथा प्रक्रियाहरू निर्धारण हुन समेत आवश्यक छ। शासकीय गतिविधिहरूमा अन्तरतह सरकार वा अन्तर्गत निकायहरू, निजी क्षेत्र, सञ्चार क्षेत्र, नागरिक समाज तथा अन्य सरोकार राख्ने पक्षहरूसँगको उचित एवं प्रभावकारी समन्वय तथा सहकार्यबाट मात्रै कार्ययोजना बमोजिमका क्रियाकलापहरूको पूर्ण कार्यान्वयन हुने अवस्था विद्यमान छ।

## परिच्छेद- ३

१०. **कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन**

१) **समितिगत व्यवस्था**

यस रणनीतिक कार्ययोजनाको प्रभावकारी कार्यान्वयन, आवधिक अनुगमन तथा मूल्याङ्कन, प्रतिवेदन र आवश्यक समन्वय एवं निर्देशनका लागि देहायबमोजिमको तहगत समिति रहनेछ।

क. निर्देशक समिति

१. मुख्यमन्त्री -संयोजक

२. प्रदेश सरकारका सबै मन्त्री -सदस्य

३. प्रमुख सचिव -सदस्य-सचिव

ख. कार्यान्वयन समिति

१. प्रमुख सचिव - संयोजक

२. सचिव, प्रदेशका सबै मन्त्रालय/निकाय - सदस्य

३. सचिव, शासकीय सुधार तथा सुशासन महाशाखा (मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय) - सदस्य-सचिव

ग. समन्वय तथा सहजीकरण समिति

१. सचिव, शासकीय सुधार तथा सुशासन महाशाखा (मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय) - संयोजक

२. नागरिक समाजका प्रतिनिधि - सदस्य

३. निजी क्षेत्रका प्रतिनिधि - सदस्य

४. पत्रकार महासंघका प्रतिनिधि - सदस्य

५. उपसचिव, शासकीय सुधार तथा समन्वय शाखा (मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय) - सदस्य-सचिव

२) रणनीतिक कार्यायोजना कार्यान्वयन ढाँचा

| क्र.सं. | वर्ष | आर्थिक वर्ष | क्रियाकलाप |
|---|---|---|---|
| १ | पहिलो | २०८१/८२ | - क्रियाकलाप कार्यान्वयनका लागि आवश्यक पर्ने कानुनी तथा नीतिगत व्यवस्था गर्ने ।<br>- कार्यक्रम कार्यान्वयनको लागि आवश्यक पर्ने बजेट व्यवस्थापनका लागि चालु आ.व.२०८१/८२ को कार्यक्रम तथा बजेटमा आवश्यक संशोधन गर्ने साथै आगामी आर्थिक वर्षमा सञ्चालन हुने क्रियाकलापको लागि आवश्यक पर्ने कार्यक्रम तथा बजेट समावेश गर्ने ।<br>- रणनीतिक कार्ययोजनाको प्रकाशन गरी कार्यान्वयनको आधार तयार पार्ने सरोकारवालाहरूलाई प्रबोधीकरण गर्ने ।<br>- रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि संस्थागत संरचना तयार गर्ने ।<br>- जोखिम पक्षहरूको विश्लेषण गरी आवश्यक रणनीति तर्जुमा गर्ने ।<br>- शासकीय साझेदारहरूको मनोवैज्ञानिक तत्परता विकास गरी क्रियाकलाप कार्यान्वयनमा उत्प्रेरणा अभिवृद्धि गर्ने । |
| २ | दोस्रो | २०८२/०८३ | कार्ययोजना कार्यान्वयनमा लैजाने |
| ३ | तेस्रो | २०८३/०८४ | निरन्तर कार्यान्वयन गर्ने एवं मध्यावधि समीक्षा गर्ने |
| ४ | चौथो | २०८४/०८५ | निरन्तर कार्यान्वयन एवं समीक्षा गर्ने |
| ५ | पाँचौ | २०८५/०८६ | - रणनीतिक कार्ययोजनाको पूर्ण कार्यान्वयन गर्ने ।<br>- समीक्षा मार्फत कमीकमजोरी पहिचान गरी पुनः आगामी आवधिक रणनीति तयारीका लागि आधार तयार गर्ने। |

## ११. निष्कर्ष

लुम्बिनी प्रदेश सरकारको सुशासनको लक्ष्य प्राप्ति, शासकीय अभ्यासमा पारदर्शिता, जवाफदेहिता, सार्वजनिक स्रोतको परिचालनका क्रममा अधिकतम मितव्ययिताजस्ता नीतिहरू अङ्गीकार गरी प्रदेश सरकारको प्रभावकारिता पुष्टि गर्न प्रदेशका १२ जिल्ला, १०९ पालिका र २०० भन्दा बढी अख्तियार प्राप्त खर्च इकाइ कार्यालयहरूका भ्रष्टाचार नियन्त्रण गर्दै सुशासन प्रवर्द्धन गर्ने अभिप्रायका साथ तयार भएको पाँच वर्षे रणनीतिक कार्ययोजना लुम्बिनी प्रदेश सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ।विकास निर्माण, सेवा प्रवाह, न्यायिक निरूपणका स्थानीय अभ्यासमा जवाफदेही संस्कारको विकास, नैतिक आचरण र व्यवहारलाई जोड दिँदै भ्रष्टाचार घटाउँदै क्रमशः भ्रष्टाचार, विकृति एवं राजश्व चुहावट समेतका सवालमा सरकार प्रभावकारी ढङ्गबाट परिचालन भई भ्रष्टाचार हटाउने लक्ष्य यस रणनीति भित्र अन्तर्निहित छ।

सरकार, निजी क्षेत्र, नागरिक समाज, सञ्चार क्षेत्र लगायत अन्य सरोकारवाला समेतको साझा दायित्व एवं समग्र प्रयासबाट नागरिकलाई सुशासनको प्रत्याभूति दिन सम्भव छ भन्ने विषयलाई यस रणनीतिले दह्रोसँग आत्मसात गरेको छ।लुम्बिनी प्रदेश सरकारको जनताप्रतिको प्रतिबद्धता पूरा गर्ने एक महत्वपूर्ण औजारको रुपमा यस रणनीतिलाई सार्वजनिक गरी कार्यान्वयनमा ल्याइएको छ।प्रदेशभित्रका सम्पूर्ण मन्त्रालयहरू, निकायहरू, स्थानीय तह, नागरिक समाज, सञ्चार माध्यम एवं निजीक्षेत्र समेतको साथसहयोगबाट मात्र यसका उद्देश्यहरू प्राप्त हुन सक्नेछन्।वास्तवमा सुशासनको लक्ष्य अत्यन्तै चुनौतीपूर्ण छ, तर सम्भव पनि छ।अन्तमा, समृद्ध लुम्बिनीः आत्मनिर्भर प्रदेशको हाम्रो विकासको चाहना र समृद्धिको सपना पूरा गर्ने माध्यमको रुपमा यस रणनीतिलाई अङ्गीकार गरिएको छ।

**लुम्बिनी प्रदेश सरकार**
**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
**राप्ती उपत्यका (देउखुरी), नेपाल**

---


सम्पर्क नं. +९७७-०८२-५९०४१४, ५९०४१६

इमेलः info.ocmcm@lumbini.gov.np
infocmofficep5@gmail.com
grd.ocmcm%@gmail=com
kapra.ocmcm@lumbini.gov.np
infoofficer.ocmcm.lumbini@gmail.com

वेबसाइटः www.ocmcm.lumbini.gov.np